# साझा यातायातको प्रमुख कार्यकारी अधिकृत सिफारिस कार्यविधि, २०८०

साझा यातायातमा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि साझा यातायातको विनियम, २०६१ को विनियम (३५) को उपविनियम (२) बमोजिम गठित उपसमितिले प्रमुख कार्यकारी अधिकृत सिफारिस गर्ने प्रयोजनको लागि साझा यातायात संचालक समितिले विनियम (३५) को उपविनियम (३) अनुसार प्रमुख कार्यकारी अधिकृत सिफारिस कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **'साझा यातायातको प्रमुख कार्यकारी अधिकृत सिफारिश कार्यविधि, २०८०'** रहेको छ ।

(२) यो कार्यविधि समितिबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'अध्यक्ष' भन्नाले साझा यातायातको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) 'उपसमिति' भन्नाले विनियमको विनियम (३५( को उपविनियम (२) बमोजिम प्रमुख कार्यकारी नियुक्तिको सिफारिशका लागि गठन भएको उपसमिति सम्झनु पर्दछ ।

(ग) 'विनियम' भन्नाले साझा यातायातको विनियम, २०६१ लाई सम्झनु पर्दछ ।

(घ) 'समिति' भन्नाले साझा यातायातको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ङ) 'संगठित संघ सस्था' नेपाल सरकारको स्वमित्व रहेको सार्वजनिक संगठित सस्था वा कानुन वमोजिमको निकायमा दर्ता भएको मितीले कम्तीमा पाँच वर्ष पुरा भइ सकेको, बार्षिक करोवार कम्तीमा ५ करोड रुपैया भएको र १० जना पूर्णकालीन जनशक्ति कार्यरत भएको निजी क्षेत्रको संघ संस्था भन्ने सम्झनु पर्दछ ।

(च) 'दशौं तह वा सो सरहको श्रेणी' भन्नाले नेपाल सरकारको राजपत्राङ्कित द्धितीय श्रेणी वा नेपाल सरकारको स्वामित्व रहेको सार्वजनिक संगठित संस्थाको दशौ तह वा निजी क्षेत्रको संघ संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो सरह वा सो भन्दा एक तह मुनिको वरिष्ठ प्रवन्धक तहमा कार्यरत भन्ने सम्झनु पर्दछ ।

३. **प्रमुख कार्यकारी अधिकृतको लागि योग्यता तथा अनुभव :** प्रमुख कार्यकारी अधिकृत पदमा दरखास्त दिने उम्मेदवारको देहाय बमोजिम योग्यता हुनुपर्नेछ :

(क) कम्तिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको ।

(ख) सार्वजनिक वा संगठित संघ संस्थामा दशौं तह वा सो सरहको श्रेणीको जिम्मेवारी लिई सकेको ।

(ग) सहकारी वा सार्वजनिक प्रशासन वा यातायात व्यवस्थापनको क्षेत्रमा कम्तीमा १० (दश) वर्षको अनुभव हासिल गरेको ।

(घ) दरखास्त दिने अन्तिम मितीसम्म पैतिस बर्ष उमेर पुरा भएको ।

४. **सिफारिशका लागि अयोग्य मानिनेः** देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृत पदमा सिफारिशका लागि अयोग्य मानिनेछः-

(क) विनियम ३५ बमोजिम योग्यता नपुगेको,

(ख) दरखास्त दिने मिती सम्म अन्ठावन्न वर्ष नाघेको,

(ग) भ्रष्टाचार, सम्पति शुद्धिकरण, मानव बेचविखन, लागूऔषधको कारोबार, पुरातात्विक वस्तु तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोग लागेको वा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको ।

(च) साझा यातायातमा आफनो व आफनो परिवारको नाममा शेयर रहेको,

(छ) साझा यातायातसँग कुनै ठेक्कापट्टा सम्झौता गरी काम गरिरहेको,

(ज) गैह्र नेपाली नागरिक ।

५. **<u>सूचना प्रकाशन गर्ने :</u>** (१) उपसमितिले प्रमुख कार्यकारी अधिकृत सिफारिशका लागि कम्तीमा १५ (पन्ध्र) दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रपत्रिका, साझा यातायातको सूचना पाटी एवं वेबसाइटमा सूचना प्रकाशन गरी इच्छुक व्यक्तिबाट अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त आव्हान गर्नु पर्नेछ ।

(२) कम्तीमा पाँच जनाको दरखास्त नपर्दासम्म (१) वमोजिमको सूचना पुनः प्रकाशन गर्नुपर्ने छ तर, यसरी पुनः सूचना प्रकाशन गर्दा पहिले परेका दरखास्तलाई कायम गरिनेछ ।

६. **<u>उम्मेदवारले पेश गर्नुपर्ने कागजात:</u>** (१) दरखास्त दिने उम्मेदवारहरुले अनुसूची-२ बमोजिमको दरखास्त फारामका साथ देहायका कागजात तथा विवरणहरु पेश गर्नु पर्नेछः-

(क) प्रवेशिका परीक्षा र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपी ।

(ख) सम्बन्धित सार्वजनिक वा संगठित संघ संस्थावाट कामको अनुभव उल्लेख भएको प्रमाण कागज ।

(ग) निजी संगठित सघं संस्थाको हकमा कानुन वमोजिमको निकायमा दर्ता भएको मितीले कम्तीमा पाँच वर्ष पुरा भइ सकेको, बार्षिक कारोवार कम्तीमा ५ करोड रुपैया भएको र १० जना पूर्णकालीन जनशक्ति कार्यरत भएको खुल्ने प्रमाण कागज ।

(घ) सम्पर्क ठेगाना (इमेल, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना सहितको अन्य विस्तृत वैयक्तिक विवरण (Bio-Data)।

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको स्वयं प्रमाणित प्रमाणित प्रतिलिपी ।

(च) पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) को एक प्रति र सो को Soft Copy पेनड्राइभ वा सिडिमा समेत राखी सिलवन्दी गरिएको खाम ।

(छ) प्रतियोगितामा भाग लिन सेवारत भए आफु सेवारत निकायबाट दरखास्त दिनको लागि नेपाल सरकारका निकायको हकमा विभागीय, सार्वजनिक र निजी संगठित संघ संस्थाको हकमा सम्बन्धित संघ संस्थाको स्वीकृति प्रदान गरिएको पत्र ।

(२) उम्मेदवारले माथि उल्लेख गरिएका कागजातका अतिरिक्त दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी अनुसूची-३ बमोजिमको स्व-घोषण फाराम भरी संलग्न गर्नु पर्नेछः-

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) साझा यातायातसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति कारोवार र शेयरमा आफनो वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको

(ग) आफ्नो नाममा कार्यरत सस्थामा व्यक्तिगत बेरुजु नभएको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

(ङ) टाट नपल्टेको, बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) बैंक तथा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको वा कालोसूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ३ (तीन) बर्ष पूरा भएको र

(छ) विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त नगरेको ।

७. **प्रमुख कार्यकारी अधिकृत पदको काम, कर्तव्य र अधिकार:** प्रमुख कार्यकारी अधिकृत पदको काम, कर्तव्य र अधिकार साझा यातायातको विनियम, कर्मचारी प्रशासन विनियमावली तथा नेपाल सरकारबाट जारी भएको निर्देशिका, कार्यविधि, निर्देशन वा सूचना तथा संचालक समितिसंग गरिने कार्य संम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

८. **व्यावसायिक कार्ययोजना पेश गर्नुपर्ने:** (१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ :

(क) साझा यातायातको बारेमा जानकारी भएको विवरण (Understanding the Sajha Yatayat)

(ख) साझा यातायातको विद्यमान अवस्थाको पहिचान र विश्लेषण (Identification and Analysis of Current Status of Sajha Yatayat)

(ग) साझा यातायातको सबल पक्ष र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis)

(घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण (Analysis of Major Areas For Strategic Reform) .

(ङ) साझा यातायातको कार्य सम्पादनको जोखिम व्यवस्थापनका साथै उत्पादकत्व वृद्धि, व्यवसाय विस्तार र क्षमता वृद्धि, संस्थागत सुधार एवं सुशासन, मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन र नियन्त्रण, लेखा परीक्षण सम्बन्धी नियमितता र अद्यावधिकता, प्रशासनिक शिरोभार खर्च नियन्त्रण, श्रोत परिचालन र उपयोगमा कुशलता, प्रतिस्पर्धात्मक क्षमता वृद्धि, संस्थाको अपेक्षित स्वरुप, प्राथमिकता र कार्यान्वयन पक्ष, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरुको सञ्चालन, संस्थाको पारदर्शिता, स्वच्छता, नियमितता, व्यावसायिकता, विश्वसनीयताको सुनिश्चितता, अनुगमन, मूल्यांकन तथा परिपालनको प्रभावकारिताको लागि आवश्यक कदमहरु समेत समावेश भएको ४ वर्षको लागि समय-सारिणी सहितको व्यावसायिक कार्ययोजना।

(च) व्यवस्थिक कार्ययोजना ५००० शब्दमा नबढाई पेश गर्नुपर्ने छ ।

(२) व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा A4 Size (ए फोर साईज) कागजमा तयार गर्नु पर्नेछ । अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्य

योजनाको फन्ट (Font) Times New Roman मा लेखिएको हुनु पर्नेछ र मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा र उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अर्न्तवस्तु (Text) १२ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ। नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको फन्ट (Font) Unicode मा लेखिएको हुनु पर्नेछ र मूल शीर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अर्न्तवस्तु (Text) १२ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ।

(३) व्यावसायिक कार्ययोजनाको मूल अर्न्तवस्तु (Main Text) को पहिलो पृष्ठमा पृष्ठ १ (1) टाइप गरी सो पछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनु पर्नेछ।

(४) व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन "i" देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ।

(५) छनौट सूचीमा परेका उम्मेदवारहरुले आफ्नो व्यावसायिक कार्ययोजना तोकिएको मिति, समय र स्थानमा प्रस्तुतीकरण गर्नु पर्नेछ। प्रस्तुतीकरणको लागि प्रत्येक उम्मेदवारलाई ४० ( चालीस) मिनेट समय प्रदान गरिनेछ।

(६) व्यवसायिक कार्ययोजनाको अन्य कुनै पनि पृष्ठमा उम्मेदवार आफ्नो नाम, ठेगाना लगायतका विवरण तथा आफूलाई चिनिने कुनै पनि संकेत गर्नु हुँदैन। व्यवसायिक कार्ययोजनाको प्रथम पृष्ठ अनुसूची-४ मा तोकिएको ढाँचामा संलग्न गर्नुपर्नेछ र प्रथम पृष्ठमा उम्मेदवारको तोकिएको विवरण मात्र भर्नु पर्नेछ।

९. **मूल्याङ्कनका आधारः** (१) प्रमुख कार्यकारी पदमा नियुक्तिको सिफारिशका लागि उम्मेदवारको सिफारिश गर्दा मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्:

| | |
|---|---|
| (क) शैक्षिक योग्यता | २५ अङ्क |
| (ख) व्यवसायिक कार्ययोजना | २५ अङ्क |
| (ग) व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण | ३० अङ्क |
| (घ) अन्तर्वार्ता | २० अङ्क |
| जम्मा | १०० अङ्क |

(२) शैक्षिक योग्यताको मूल्याङ्कन देहाय बमोजिम अङ्क विभाजनका आधारमा गरिनेछः-

| **(क) शैक्षिक योग्यताको विवरण** | **शैक्षिक योग्यता वापतको अङ्क** |
|---|---|
| न्युनत्तम शैक्षिक योग्यता वापत | २५ अङ्क |
| शैक्षिक योग्यता वापत जम्मा अङ्क | २५ अङ्क |

(३) उम्मेदवारको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) अवधारणगत स्पष्टता | ५ अङ्क |
| (ख) सही सूचना र विश्लेषण | ६ अङ्क |
| (ग) समस्याको पहिचान र सुधारको लागि सुझाव | ८ अङ्क |
| (घ) कार्य योजनाको ढाँचा र लेखन शैली | ६ अङ्क |
| व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनको जम्मा अङ्क | २५ अङ्क |

(४) उम्मेदवारको व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कनका आधार देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) अवधारणागत स्पष्टता | ८ अङ्क |
| (ख) प्रस्तुतीकरणको शैली | ५ अङ्क |
| (ग) विषयवस्तुको विश्लेषण क्षमता (समग्र प्रस्तुतीकरण) | ७ अङ्क |
| (घ) आत्मविश्वास | ५ अङ्क |
| (ङ) समयको व्यवस्थापन | ५ अङ्क |

| | |
|---|---|
| व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको जम्मा अङ्क | ३० अङ्क |

(५) अन्तर्वार्ताको जम्मा अङ्क २० अङ्क

| |
|---|
| स्पष्टिकरण: अन्तर्वार्तामा ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अङ्क प्रदान गर्दा कारण खुलाउन पर्नेछ । बहुमत सदस्यले यसरी कारण खुलाएर अङ्क प्रदान गरेको अवस्थामा मात्र उक्त अङ्क कायम हुनेछ अन्यथा अधिकतम ७० प्रतिशत र न्युनतम ४० प्रतिशत अङ्क कायम हुनेछ । |

**१०. व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन अघि दोहोरो कोडिङ्ग गर्नु पर्दछ ।

(२) दोस्रो कोड कायम भएका व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनका लागि उपसमितिले दुई जना विषय विज्ञ तोक्नु पर्दछ ।

(३) उपदफा (२) अनुसारका विषय विज्ञले व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन गरी छुट्टा छुट्टै अङ्क प्रदान गर्नु पर्नेछ ।

(४) उपदाफा (३) अनुसार प्रदान गरिएको अङ्कको औषत अङ्कलाई व्यवसायिक कार्ययोजनाको मूल्याकनको अङ्क कायम गर्नु पर्दछ ।

**११. उम्मेदवारको संक्षिप्त सूची प्रकाशन गर्ने:** (१) उपसमितिले दरखास्त दिने अवधि समाप्त भएपछि मूल्याङ्कनका आधारहरुमध्ये शैक्षिक योग्यता र पेश भएको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधारमा बढी अङ्क प्राप्त गर्ने ५ (पाँच) जना उम्मेदवारहरुको संक्षिप्त सूची वर्णानुक्रमका आधारमा साझा यातायातको वेवसाइट र सूचनापाटीमा प्रकाशन गर्नु पर्दछ ।

(२) सक्षिप्त सूचीमा परेका उमेदवारहरुलाई निजहरुले उपलब्ध गराएको सम्पर्क नम्वर मार्फत पनि सम्पर्क गरी निजहरुलाई अगाडिको मूल्याकन प्रक्रियामा संलग्न हुनका लागि जानकारी गराउनु पर्दछ ।

**१२. संक्षिप्त सूचीमा परेका उम्मेदवारको मूल्याङ्कन र सिफारिश:** (१) संक्षिप्त सूचीमा छनौट भएका उम्मेदवारहरुको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन र अन्तर्वार्ताको मूल्याङ्कन उपसमितिले गर्नेछ ।

(२) संक्षिप्त सूचीमा परेका उम्मेदवारहले शैक्षिक योग्यता, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, व्यवसायिक कार्ययोजनाको प्रस्ततीकरण र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कको आधारमा उच्चत्तम अङ्क प्राप्त गर्ने तीनजनालाई योग्यताक्रम अनुसार प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तीका लागि साझा यातायातको सञ्चालक समिति समक्ष सिफारिस गर्नु पर्दछ ।

**१३. उपसमितिको सचिवालय :** साझा यातायातको कर्मचारी प्रशासन विभागले प्रमुख कार्यकारी अधिकृत सिफारिस उपसमितिको सचिवालयको रुपमा काम गर्नेछ ।

**१४. कार्यविधि संसोधन:** यो कार्यविधिको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा सञ्चालक समितिले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१५. बाधा अड्काउ फुकाउ:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी सञ्चालक समितिले आवश्यक व्याख्या वा व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची–१
## साझा यातायातको
## प्रमुख कार्यकारी अधिकृत पदको नियुक्तिका लागि दरखास्त आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/   /  गते)**

साझा यातायातमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ३५ (पैतीस) दिन भित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट) साझा यातायातको प्रधान कार्यालय, पुल्चोक, ललितपुरमा रितपूर्वक दरखास्त आव्हान गरिन्छ । निर्धारित मिति भित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

**१. योग्यता तथा अनुभवः**

(क) कम्तिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी सार्वजनिक वा संगठित संघ संस्थामा दशौँ तह वा सो सरहको श्रेणीको जिम्मेवारी लिई सकेको ।

(ख) सहकारी वा सार्वजनिक प्रशासन वा यातायात व्यवस्थापनको क्षेत्रमा कम्तीमा १० (दश) वर्षको अनुभव हासिल गरेको ।

(ग) दरखास्त दिने अन्तिम मितीसम्म पैतिस बर्ष उमेर पुरा भएको ।

(घ) दरखास्त दिने अन्तिम मितीसम्म अन्ठाउन्न वर्ष उमेर ननाघेको ।

**२. दरखास्त पेश गर्ने प्रक्रियाः**

(क) दरखास्त साथ साझा यातायातको वेबसाइट www.sajhayatayat.com.np मा प्रकाशित प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८० को दफा ६ बमोजिमको कागजात तथा विवरण र सोही दफाको उपदफा (२) अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साईजको फोटो तथा उपरोक्त कार्यविधिको दफा ८ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति खामबन्दी गरी साझा यातायातको कर्मचारी प्रशासन विभागमा पेश गर्नुपर्नेछ । साथै, सो को Soft Copy समेत पेस गर्नु पर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर "साझा यातायातको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गरेको हुनुपर्नेछ । व्यवसायिक कार्ययोजनाको प्रथम पृष्ठ अनुसूची-२ मा तोकिएको ढाँचाको कभर पेज संलग्न गर्नुपर्नेछ र कभर पेजमा उम्मेदवारको तोकिएको विवरण मात्र भर्नुपर्नेछ ।

(ग) बहालवाला कर्मचारीले आवेदन गर्न चाहेमा सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

**३. व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरणः** छनौट सूची (Short Listing) मा परेका उम्मेदवारले आफुले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

**४. दरखास्त दस्तुरः** दरखास्त दस्तुरवापत साझा यातायातको नाममा राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखामा रहेको खाता नम्बर ११४००००३७०१ मा दरखास्त दस्तुर वापत रु.३,०००।- (अक्षरेपी तीन हजार) मात्र जम्मा गरेको भौचर (कनेक्ट आइपिएस वा अनलाइन प्रणालीबाट रकम जम्मा गरेको भए सोको प्रिन्ट) पेश गर्नु पर्नेछ ।

**५. पारिश्रमिकः** प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भए बमोजिमका शर्तहरुका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

**६. अन्य विवरण :**

(क) साझा यातायातको प्रमुख कार्यकारी अधिकृत सिफारिश कार्यविधि, २०८० सम्बन्धमा www.sajhayatayat.com.np बाट जानकारी लिन सकिनेछ ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त सिफारिस उपसमितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

(ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि साझा यातायातको कर्मचारी प्रशासन शाखामा वा टेलिफोन नं. ०१-५४५२६८६ मा सम्पर्क गर्न सकिनेछ ।

# अनुसूची–२

## साझा यातायातको प्रमुख कार्यकारी अधिकृत पदको दरखास्त फाराम

साझा यातायातको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजातहरु संलग्न गरी यो दरखास्त पेश गरेको छु । सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता रहेको स्वःघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**१. दरखास्त पेश गर्नेको :**

**(क) व्यक्तिगत विवरणः**

नाम थरः
जन्म मितिः
नागरिकता नं.:
जारी मितिः
नागरिकता जारी जिल्लाः
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
बाबुको नामः
आमाको नामः
बाजेको नामः
सम्पर्क नम्बरः
इमेलः

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | विशिष्टीकृत विषय/क्षेत्र | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ग) अनुभवको विवरणः**

| क.सं. | पद | तह | कार्यालय/सघ संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(घ) लेख रचना तथा अन्य प्रकाशनः**

| क्र.सं. | लेख रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ङ) अन्य केही खुलाउनु पर्ने भएः**

| क्र.सं. | पद | तह | कार्यालय/संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) संलग्न कागजात तथा विवरणः**

| कागजातको विवरण | पाना/थान | कैफियत |
|---|---|---|
| (१) नागरिकताको प्रतिलिपी | | |
| (२) व्यक्तिगत विवरण | | |
| (३) शैक्षिक योग्यताको प्रमाणपत्र | | |
| (४) अनुभव खुल्ने कागजातको प्रतिलिपी | | |
| (५) दरखास्त दिन दिइएको स्वीकृति पत्र | | |
| (६) अन्य आवश्यक कागजात | | |

***माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन्, झुठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।***

दस्तखतः

मितिः

## अनुसूची-३

## स्वःघोषणा फाराम

श्री अध्यक्षज्यू,
साझा यातायातको प्रमुख कार्यकारी अधिकृत सिफारिश उपसमिति
पुल्चोक, ललितपुर ।

**विषयः स्वः घोषणा सम्बन्धमा ।**

प्रस्तुत विषयमा साझा यातायातको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदनसाथ देहाय बमोजिम स्वःघोषणा गर्दछु ।

| | | हो/छ | होइन/छैन |
|---|---|---|---|
| (क) | नेपाली नागरिक, | | |
| (ख) | उमेर ५४ बर्ष नाघेको | | |
| (ग) | कुनै राजनीतिक दलको सदस्य रहेको | | |
| (घ) | साझा यातायातसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा साझा यातााायातमा आफनो वा परिवारको नाममा शेयर रहेको | | |
| (ङ) | आफ्नो नाउँमा व्यक्तिगत बेरुजू बाँकी रहेको | | |
| (च) | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भएको | | |
| (छ) | टाट नपल्टेको, बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा परेको | | |
| (ज) | बैंक तथा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको वा कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ३ (तीन) बर्ष पूरा भएको, | | |
| (झ) | विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त गरेको | | |

***माथिको व्यहोरा ठिक साँचो हो भनी स्वः घोषणा गर्दछु । गलत ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला ।***

आवेदकको दस्तखत :

नाम, थर :

ठेगाना :

मिति :

**अनुसूची-४**

**<u>व्यावसायिक कार्ययोजनाको प्रथम पृष्ठको नमूना</u>**

## साझा यातायातको

## प्रमुख कार्यकारी अधिकृत पदमा आवेदनका लागि पेश गरिएको

# व्यवसायिक कार्ययोजना

## २०८०

पहिलो कोड

पहिलो कोड

दोस्रो कोड

दोस्रो कोडः